# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## माडी गाउँपालिका
## रोल्पा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

पत्र संख्या: २०७८।७९
च.नं.: 209

मिति: २०७९।३।२४

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
माडी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
घर्तीगाउँ, रोल्पा ।

**कैफियत सहितको राय**

हामीले माडी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. माडी गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१ करोड ४० लाख ७ हजार बेरुजू देखिएको छ। पालिकाबाट प्रतिक्रिया प्राप्त नभएकोले बाँकी बेरुजू असुल गर्नुपर्ने रू.३ लाख २१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.९३ लाख ७३ हजार, नियमित गर्नुपर्ने रू.४३ लाख १३ हजार रहेको छ । पालिकाको गतवर्ष रु.१ करोड ६२ लाख ७७ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजु रु.२ करोड ७३ लाख ४४ हजार रहेको छ । माडी गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. माडी गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

माडी गाउँपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्योट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४९ | १५ | १४००७ | ० | ० | ० | ४९ | १५ | १४००७ | ३२१ | ४३१३ | ९३७३ | ० | ० | १३६८६ | ० |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्योट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| माडी गाउँपालिका रोल्पा | १६२७७ | ० | २९४० | १३३३७ | ० | १४००७ | २७३४४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : माडी गाउँपालिका, रोल्पा , मादी गाउँपालिका , रोल्पा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Sabin Singh Chaudhary | २०७६-१०-१९ | |
| कार्यालय प्रमुख | इश्वरी प्रसाद गौतम | २०७७-१२-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुरज राना | २०७६-९-१ | |
| | | **बेरुजु रकम** | १४,००७,०६९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १,१६,४९,६०० | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २३,४९,४८,५६० | चालु खर्च | २१,२७,०८,८२६ |
| प्रदेश सरकारबाट अनुदान | ३,७०,७२,००० | पूँजीगत खर्च | ९,५१,१७,६०१ |
| राजश्व बाँडफाँट | ५,९७,६४,१७३ | वित्तीय/अन्य व्यवस्था | ८,४८,३२,९७३ |
| आन्तरिक आय | ५९,००,३३९ | | |
| अन्य आय | ७,१७,६५,५७९.७६ | | |
| कुल आय | ४०,९४,५०,६५१.७६ | कुल खर्च | ३९,२६,५९,४०० |
| बाँकी मौज्दात | | २,८४,४०,८४१.५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस माडी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत 6 वडा, 33 सभा सदस्य, १२९.०१ वर्ग किलोमिटर क्षेत्रफल तथा १७ हजार ९८६ जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणको क्रममा असुली : लेखापरीक्षणमा औँल्याईए पछि आन्तिरक राजश्व दाखिला गर्न बाँकी रु.७४८३८/- र सोको १० प्रतिशत ब्याजसहित रु.८२३२२/- लेखापरीक्षणको क्रममा असुल भएको छ । | |
| २ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः • त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको | |

पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म कुनैपनि ऐन, नियमावली, कार्यविधि निर्देशिका र नर्म्स निर्माण गरी कार्यान्यनमा ल्याएको छैन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। • निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन । • निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कोष तथा लेखा नियन्त्रण कार्यालय बाट तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो । कोष तथा लेखा नियन्त्रण कार्यालययमा तलबी प्रतिवेदनका लागि अनुरोध गरिएकोमा तलबी प्रतिवेदन पास नभएकोले कार्यालयको आन्तरिक लेखापरीक्षण शाखाबाट तलबी प्रतिवेदन पास गरेको पाईयो । • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै

फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४

**बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री धनीकला घर्तिमगरले २०७७/०३/१० गते रु39 करोड 34 लाख 72 हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८/०४/०१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७/०६/०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

५

**चौमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| 1 | चालु खर्चतर्फ | २१३२४५ | ३६९०2 | ३९६८5 | 136658 | ८२५२4 |
| 2 | पूँजिगत खर्चतर्फ | ९५११8 | - | १३४९5 | 81623 | ५६०३1 |
| | जम्मा | ३०८३६3 | 36902 | 53180 | 218281 | 138555 |
| | प्रतिशत | 100% | 11.97% | 17.24% | 70.79% | 44.93% |

| | | | | |
|---|---|---|---|---|
| ६ | | | **क्षेत्रगत बजेट र खर्च** | |
| ६.१ | | | स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३६६५६००० | २७२२९७९५ | ८.८३ |
| २ | पूर्वाधार विकास | ७४८६७५८८ | ५७१३४२०५ | १८.५३ |
| ३ | सामाजिक विकास | २०९३०७७७८ | १६५४८८०७३ | ५३.६७ |
| ४ | बातावरण तथा विकास | -- | - | 0 |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १५७२४००० | ११९९५९११ | ३.८९ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ५६९१७१६० | ४६५१४८६९ | १५.०८ |
| जम्मा | | ३९३४७२५२६ | ३०८३६२८५३ | १०० |

| | | | | |
|---|---|---|---|---|
| ६.२ | | | कार्यालयले समानुपातिक विकास हुने गरी सबै क्षेत्रलाई समेटेर क्षेत्रगत बजेट निर्माण र कार्यान्वयन गर्नु पर्दछ । वातावरण तथा विकासलाई ध्यान दिएर चालु तथा कार्यालय संचालन खर्च घटाउँदै पूँजीगत क्षेत्रमा बजेट विनियोजन र खर्च गर्नेतर्फ जोड दिनु पर्दछ । | |
| ७ | | | **खर्च बिश्लेषण**<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु 5900338.54 राजस्व बाँडफाँड र अनुदानबाट रु -समेत रु.331784733/- आम्दानी भएकोमा चालु तर्फ रु.212708826/- र पूँजिगत तर्फ रु. 95117601/- समेत रु. 307826427/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा 1.92 प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ७४६४०००/- खर्च भएको छ जुन आन्तरिक आयको 26.5 प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट 64.11 प्रतिशत चालु र 35.89 प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ८ | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले 121 योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे 100 योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | 16 | 1162387 |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | 42 | 19186049 |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | 10 | 6723644 |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | 22 | 29316530 |
| ५ | ५० लाख भन्दा माथीका | 1 | 8230832 |
| | जम्मा | 100 | 64619442 |

| | | | | |
|---|---|---|---|---|
| ९ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३८ जना कर्मचारीहरु करारमा राखी रु. ७३५८२५६/- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न 5 पदमा 1८ जना करार नियुक्ति गरी बर्षभरीमा रु 4३85716/-भुक्तानी गरेको पाईयो । कार्यालयले प.स.2077/078 च.न. 1158 मिति २०७७/11/25 मा प्रदेश लोक सेवा आयोग, मुकाम बुटवललाई रिक्त पदपूर्तिको माग फारम पेश गरेको छ । | |

| | | | | |
|---|---|---|---|---|
| १० | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा पालिकाले न्यायिक समितिको कार्यसम्पादन सम्बन्धी कुनै पनि विवरण उपलब्ध गराएको छैन । | |
| ११ | | | **राजश्व दाखिला**<br>प्रदेश आर्थिक कार्यबिधि ऐन, 2074 को दफा 23 ( 3 ) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १0 दिन भन्दा ढिलो गरेको भए 10 प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूर को मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्ने गराउन सक्ने व्यवस्था छ। कार्यालय अन्तर्गत ७ वटा वडाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकं दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| १२ | | | **उपभोक्ता समिति दर्ता**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न 118 उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.64619442/- भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| १३ | | | **पदाधिकारी अन्य सुविधा**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.2124000/-, टेलिफोन तथा मोवाइल रु.852000/-, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.870000/-, जनसम्पर्क विशेष | |

कार्यसुविधा रु.2148000/-, मर्मत सम्भारमा रु.228000/-, अतिथि सत्कारमा रु.613000/-, खानेपानी विजुली सरसफाईमा रु.264000/- समेत रु.७४६४०००/- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु. 7099000/- भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्वेश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष 6 जना | कार्यपालिका सदस्य ...... | सभाका सदस्य 33 | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ३५००० | ४०००० | २१०००० | १८०००० | ३८००० | ५०३००० |
| २ | यातायात खर्च | १४४००० | १४४००० | ७२०००० | ४३२००० | ६८४००० | २१२४००० |
| ३ | टेलिफोन,मोबाइल | ४२००० | ३६००० | २१६००० | २१६००० | ३४२००० | ८५२००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ४८००० | ४८००० | २१६००० | २१६००० | ३४२००० | ८७०००० |
| ५ | समन्वय तथा सहजीकरण | १२०००० | ९६००० | ४३२००० | ३६०००० | ११४०००० | २१४८००० |
| ६ | अतिथि सत्कार | ७२००० | ६०००० | २८८००० | -- | -- | ६१३००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ६०००० | ६०००० | १४४००० | -- | -- | २६४००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | ६०००० | ६०००० | १३३००० | २८३००० |
| जम्मा | | 536000 | 499000 | 2286000 | 1464000 | 2379000 | ७४६४००० |

१४

**खानेपानी तथा मर्मतसंभार खर्च** २१६,०००

लुम्बिनी प्रदेश, स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी (पहिलो संसोधन) ऐन,2076 को दफा ४ मा क्रमसंख्या ८ को खानेपानी तथा सरसफाई वापत रु.2000/- र क्रमसंख्या ९ को मर्मत संभार र विद्युत उर्जा खर्च सुविधावापत रु.2000/- वडाअध्यक्षको कोलममा भएको सुविधा मिति २०७७/03/14 को संसोधन

| | | | | |
|---|---|---|---|---|
| | | | बाट झिकिएको छ । गाउँपालिकाले वडाअध्यक्षहरुले श्रावण देखि चैत्रसम्म (९ महिना) पाउने मासिक सुविधाबाट उक्त सुविधा घटाएर भुक्तानी दिनुपर्नेमा दिएको छैन । ऐनको व्यवस्थाविपरीत बढी हुने गरी भुक्तानी भएको उक्त सुविधावापतको भुक्तानी सम्बन्धित बाट असुल गर्नुपर्ने रु. | |
| १५ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. १०,६९,३१६/- खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १६ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष 12 व्यक्ति एवं संघ संस्थालाई रु. ४१४०००/- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १७ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषिमा रु ८६४००० पशुमा रु. २९२३३०/- गरी अनुदानमा रु.1156330/- खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १८ | | | **गिट्टी, ढुंगा, बालुवाको कर**<br>स्थानीय सरकार संचालन ऐन, 2074 को साबिक दफा 64 को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, 2075 द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा लुम्बिनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७६ को दफा ९ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । लुम्बिनी प्रदेश आर्थिक ऐन २०७६ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, 2077 जारी गरी | |

गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानिय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२(क) बिपरित देखिन्छ । गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ ।

१९

**कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १५००००० | १०८२६७७.०४ | ७३ |
| घरजग्गा वहाल कर | ५०००००० | ४४५६७५९ | ९० |
| व्यवसाय कर | -- | --- | 0 |
| वहाल विरौटी शुल्क | -- | -- | 0 |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२०

**हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| २८।०७७।११।७ | दहवाङ्ग मोटर बाटो | मोटर बाटो स्तरोन्नति | ७६८००० | एक्जाभेटर | ९०४७६९ |
| ३०।०७७।११।८ | वरवोट आरुवा | मोटर बाटो स्तरोन्नति | १४४०००० | एक्जाभेटर | १६४०९६५ |
| ५८।०७८।१।६ | तार्केवाङ्ग भावांग | मोटर बाटो स्तरोन्नति | १५७२४८० | एक्जाभेटर | १७९७३८४ |
| | जम्मा | | | | 4343118 |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२१

**अधिकार क्षेत्र वाहिरको कार्य**

सवै सरकारी निकायहरुको क्षेत्राधिकार संविधान र कानूनद्धारा स्पष्ट गरेको छ । एक सरकारी निकायले अर्को सरकारी निकायको क्षेत्राधिकार भित्रको कार्य गर्नु हुदैंन । यस पालिकाले शहिद मार्ग सडक योजनाको क्षेत्राधिकार अन्तर्गत शहिद मार्गमा निम्नानुसार कार्य गरेको नियम सम्मत भएन् रु............

| काम | माध्यम | भुक्तानी |
|---|---|---|
| शहिदमार्ग साईडमा मेशिनरी वाल लगाउने कार्य | दरभाउपत्र | ९११६५८ |
| जम्मा : | | 911658 |

९११,६५८

२२

**एज विल्ट नक्सा**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । नियम १२२ मा दश लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले वीमा गराउनुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११(ङ) मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था छ । १ नं. वडा कार्यालय भवन निर्माण कार्यको अन्तिम विल वापत निर्माण व्यवसायी रोल्पा स्वच्छन्द निर्माण सेवा प्रा.लि. लाई रु ३२,८८,३९४।२४ भुक्तानी दिएकोमा नियम वमोजिम एज विल्ट नक्सा, वीमा र गुणस्तर परीक्षण गरेको छैन् । नियममा भएको व्यवस्थाको परिपालना गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

२३

**इन्धन प्रयोगको अभिलेख**

<table>
<tr><td></td><td></td><td></td><td>इन्धन प्रयोग गर्दा खपत भएको परिमाण स्पष्ट देखिनेगरी अभिलेख राखी खर्च गर्नुपर्दछ । यस पालिकावाट मोटरवाटो सफाई तथा इन्धन वापत खर्च लेखेकोमा इन्धन खपतको स्पष्ट परिमाण देखिने गरी अभिलेख राखेको देखिएन । कुन ठाउँमा कति वाटो सफाई गरेको हो स्पष्ट विवरण तयार गरी संलग्न गर्नुपर्दछ । सवारी साधन चलेको लकवुक स्पष्ट देखिने गरी तयार गर्नु पर्दछ । यसका केही उदाहरणहरु निम्नानुसार रहेको छ :<br>
<table>
<tr><th>गो.भौ. र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम रु</th></tr>
<tr><td>७।०७७।९।१०</td><td rowspan="5">इन्धन खरिद</td><td>३२४४४८</td></tr>
<tr><td>२७।०७७।११।४</td><td>८५३८५</td></tr>
<tr><td>३६।०७७।१२।२२</td><td>३९२६७४</td></tr>
<tr><td>६९।०७८।२।१४</td><td>६५०२८</td></tr>
<tr><td>१०३।०७८।३।१७</td><td>३१७४४२</td></tr>
<tr><td colspan="2">जम्मा :</td><td>११८४९७७</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>म.ले.प. फाराम प्रयोग नगरेको<br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ दफा २७ बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । साथै निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्न फारमहरु अनिवार्य प्रयोग गरी राजस्वको लेखा राख्नु पर्ने देखिन्छ । — नगदी प्राप्ती रसिद म.ले.प फाराम नं. १०१ — दैनिक राजश्व ÷ आम्दानी खाता म.ले.प फाराम नं. १०२ — राजश्व ÷ आम्दानीको शीर्षकगत खाता म.ले.प फाराम नं. १०४ — राजश्व आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५ — राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६ — राजश्व आम्दानीको दैनिक बैँक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७ — राजश्व आम्दानीको बैँक नगदी किताब म.ले.प. फा.नं. १०८</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>पेश्की जमानतको अवधि<br>15 शैयाको प्राथमिक अस्पताल निर्माण - सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११३(३) मा पेश्की दिँदा निर्माण व्यवसायीबाट त्यस्तो पेश्की रकम खाम्ने गरी वैंक वाट जारी भएको वैंक जमानत लिई त्यस्तो पेश्की दिनुपर्ने र नियम ११३(४) मा त्यस्तो बैक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्छ्यौट</td><td>८,७००,०००</td></tr>
</table>

गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिनाभन्दा वढी अवधिको हुनुपर्ने व्यवस्था छ । यस पालिका र निर्माण व्यवसायी वीच भएको खरिद सम्झौतामा निर्माण कार्य सम्पन्न गर्नुपर्ने समय अवधिको ८०% समयभित्र पेश्की फर्छ्यौट गरिसक्नुपर्ने व्यवस्था छ । यस पालिकाले निम्नानुसार पेश्की भुक्तानी गर्दा पेश भएको पेश्की जमानत वापतको वैक जमानतको अवधि कम रहेको छ । नियममा भएको व्यवस्था बमोजिम पेश्की बैंक जमानतको अवधिको म्याद म्याद थप गरी प्रमाण पेश गर्नुपर्ने रु................

| निर्माण व्यवसायी | कार्य सम्पन्न गर्नुपर्ने अवधि | सम्झौता अनुसार हुनुपर्ने पेश्की वैक जमानतको अवधि | वास्तविक पेश्की वैंक जमानतको अवधि | पेश्की दिएको रकम |
|---|---|---|---|---|
| जयबुद्ध भाग्यलक्ष्मी जे.भी. | २०८०।3।2० | २०७९।12।20 | २०७९।2।30 | 8700000 |

२६ **प्रदेश समपुरक अनुदान** ५१,९४७

गो.भौ. १६।२०७८।३।३० - ठे.नं. १।२०७७।७८ को श्रीकृष्ण मा.वि.भवन निर्माण वडा नं. २ को कवोल अंक रु ५८,७०,०९५।०० रहेकोमा अन्तिम विल वापत निर्माण व्यवसायी सपना विल्डर्स लाई रु १६,०३,७९३।३४ भुक्तानी भएको छ । खरिद सम्झौताको SCC को GCC 71.2 मा कार्य सम्पन्न भएको १५ दिन भित्र एज विल्ट नक्सा पेश गर्नुपर्ने अन्यथा खरिद सम्झौताको १% ले हुने रकम रु ५१,९४७।०० रोक्का राख्नु पर्ने व्यवस्था छ । अत: उक्त निर्माण कार्यको एज विल्ट नक्सा पेश नभएको र सम्झौता अनुसारको रकम समेत रोक्का नराखेकोले एज विल्ट नक्सा पेश हुनुपर्ने रु...............

२७ **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम**

गो.भौ. १।०७८।३।१४: भावागं स्वास्थ्यचौकी पूर्वाधार निर्माण उपभोक्ता समितिलाई रु १९,२०,०००।०० भुक्तानी भएको छ । भवन निर्माणको डिपिसी र पिल्लर निर्माण भई वाँकी काम अधुरो रहेको छ । उक्त कार्यका लागि आर्थिक बर्ष २०७८।७९ मा वजेट विनियोजन तथा कार्यक्रम रहेको छैन् । पर्याप्त वजेट विनियोजन गरी कार्यसम्पन्न गर्नेतर्फ सम्वन्धित निकायले ध्यान दिनु पर्दछ । सरकारी रकम खर्च गर्दा नतिजामा ध्यान दिनुपर्दछ ।

२८ **जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
| --- | --- | --- | --- |
| ६०।०७८।१।१७ | माडी १ घटी खोला दोबाटो लिफ्टिङ्ग खा. पा. | लिफ्टिङ्ग खानेपानी योजना | ९५९२०९ |
| १४४।०७८।३।३० | माडी २ घोटेखोला लिफ्टिङ्ग खानेपानी | लिफ्टिङ्ग खानेपानी योजना | २२०८८३४ |
| | जम्मा | | 3168043 |

२९

**सोझै खरिद**

५३२,६२६

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु.

| गो.भौ.र मिति | पार्टीको नाम र प्यान न. | बिल नं. र मिति | भ्याटसहितको मूल्य |
| --- | --- | --- | --- |
| 03-2077/6/27 | निशान कम्प्युटर ट्रेडर्स, बाँके (601548462) | 161-2077/6/11 | 192050 |
| 210-2077/11/5 | | 662-2077/10/27 | 299748 |
| 431-2078/3/17 | | 1192-2077/09/7 | 40828 |
| जम्मा | | | 532626 |

३०

**डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| माडी २ पारिवांग दह लिफ्टिंग | क्यानभास इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | ५०००० | ४८३०७५ |
| माडी २ भोतेखोला लिफ्टिंग खा पा | ल्याण्डस्केप इन्जिनियरिंग प्रा लि | ५०००० | ४८८७२५ |
| जम्मा | | | 971800 |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

३१

**सवारी साधन खरिद** ४८५,८००

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । सरकारी निकायले सवारी साधन खरिद गर्दा सरकारी नम्वर प्लेटमा परिवर्तन गर्नु पर्दछ । यस पालिकाले यस बर्ष निम्नानुसार दुइवटा मोटरसाइकल खरिद गरेकोमा हालसम्म व्यक्तिगत नम्वर प्लेट रहेको पाइयो । सरकारी नम्वर प्लेटमा परिवर्तन गरी प्रमाण पेश गर्नुपर्ने रु .............

| मोडल | चेसिस नं. | भुक्तानी रु |
|---|---|---|
| Yamaha SZRR Model | ME1RG4512M0081267 | २४२९०० |
| Yamaha SZRR Model | ME1RG4512M0080605 | २४२९०० |
| जम्मा : | | ४८५८०० |

३२

**गो.भौ. १२०।०७८।३।२७** १०५,३०४

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । ठे.नं. ०२।०७७।७८ को दोश्रो रनिङ्ग विल वापत निर्माण व्यवसायी स्मृति विशाल कन्स्ट्रक्सन सेवालाई प्रोभिजनल सम वापतको वीमाको रु ८८,३५४।९० र ल्याव टेष्ट वापत रु १६,९५०।०० समेत कुल जम्मा रु

| | | | | |
|---|---|---|---|---|
| | | | १,०५,३०४।९० प्रथम विलवाट भुक्तानी भएकोमा दोश्रो विलबाट समेत भुक्तानी भएकोले दोहोरो भुक्तानी भएको छ । दोहोरो भुक्तानी भएको रकम सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनु पर्दछ रु................ | |
| ३३ | | | **पाठ्यपुस्तक**<br>पालिकाले पाठ्यपुस्तकको शोधभर्ना गर्दा EMIS अनुसार विद्यार्थि संख्याको आधारमा दिइने निकासा र पाठ्यपुस्तक खरिदको विल रकम मध्ये जुन कम हुन्छ त्यही रकम शोधभर्ना गर्नुपर्ने हुन्छ।तर पालिकाले सम्पूर्ण विद्यालयसँग पाठ्यपुस्तक खरिदको विल मागेको देखिएन।यसो हुँदा पाठ्यपुस्तकमा खर्च भन्दा बढी रकम निकासा हुने देखिन्छ।तसर्थ, पालिकाले सम्पूर्ण विद्यालयसँग पाठ्यपुस्तक खरिदको विल माग्नुपर्ने देखिन्छ। | |
| ३४ | | | **कोष संचालन**<br>395-2078/03/02 स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ (१) मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने र उपदफा १ बमोजिम बनाईएको ऐनको अधिनमा रहि कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था छ । यसरी निर्मित कानून स्थानीय राजपत्रमा प्रकाशित भएपछि मात्र लागु हुने व्यवस्था रहेको छ । गाउँपालिकाले ऐन, नियम, निर्देशिका र कार्यविधि नबनाई कृषकहरुलाई विनाधितो कृण भुक्तानी दिनका लागि आ.व. २०७७/०७८ मा विनियोजित बजेट तथा कार्यक्रमबाट नेपाल बैंक लिमिटेडमा विविध कोष खाता संचालन गरी रु.2000000/- विनियोजित गरेको पाईयो । कार्यविधि विपरीत दिर्घकालीन रुपमा दायित्व सिर्जना हुने गरी कोष खडा गर्ने कार्य नियमसंगत भएन रु......... | २,०००,००० |
| ३५ | | | **तालिम संचालन**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जन चेतना सम्बन्धी तालिम, सबलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थामार्फत गराउँदा छिटो, छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई गराउन सक्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ (2) मा सार्वजनिक निकायले दश लाख रुपैयाँसम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्धेश्य राखि प्रचलित कानुनबमोजिम दर्ता भएको र मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय वा स्थानियस्तरको दैनिक समाचार पत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले मेलमिलाप सम्बन्धी आधारभूत तालिम संचालन गर्न मेडियसन नेपालसँग मौखिक सहमती गरी गो.भौ.न. 436-2078/03/20 बाट रु.500000/- र गो.भौ.नं 463-2078/03/28 बाट रु.368750/- गरी रु. 868750/- खर्च गरेको पाईयो । ऐन नियमावलीको व्यवस्था विपरीत मितव्ययितालाई ध्यान नदिई तालिम कार्यक्रम संचालन गरिनु अनियमित भएको रु. | ८६८,७५० |
| ३६ | | | **विल भरपाई नभएको**<br>9-2077/06/27 आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल,भरपाई,कागजात र प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ । गाउपालिकाले खर्क बहादुर पुनलाई ईन्धन खरिदको विल वापत भ्याटसहित प्रतिईकाई 94 का दरले जलजला | १३४,९८४ |

| | | | | |
|---|---|---|---|---|
| | | | आयल ट्रेड सेन्टरको मिति 2077/04/27 को स्लीपका आधारमा रु.134984/- भूक्तानी दिएको छ । कार्यालयले ईन्धन खपत भएको देखिने सवारी लगबुक र बिल पेश गर्नुपर्ने रु. | |
| ३७ | | | **औषधी खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहले उक्त प्रक्रियावेगर रु. १८७४८७४/- का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | |
| ३७.१ | | | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको । | |
| ३७.२ | | | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको । | |
| ३७.३ | | | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ३७.४ | | | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । | |
| ३७.५ | | | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३८ | | | **परामर्श सेवा**<br>सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोभैm खरिद गरी रु. 971000/- खर्च लेखेको पाईयो । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |
| ३९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा 6 वटा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष 198 जनालाई रोजगारी उपलव्ध गराई रु.१०१९७३०८/- खर्च गरेको छ । लक्षित वर्गलाई रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ४० | | | **पारदर्शिता कायम नगरेको** | |
| ४०.१ | | | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, 2075 को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाईटमा राख्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले उल्लेखित व्यवस्था परिपालन गरेको पाईएन । कार्यविधिमा उल्लेखित व्यवस्थाको परिपालना गरिनु पर्दछ । | |
| ४०.२ | | | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, 2075 को दफा 15 (6) मा अघिल्लो किस्ताको पेश्की फछ्र्यौट नभई अर्को किस्ता वा निकासा दिइने छैन भन्ने व्यवस्था रहेको छ । कार्यालयले वडा सचिवहरुलाई पहिलो किस्ताको पेश्की फछ्र्यौट नगरी अर्को किस्ताको पेश्की दिएकोले वास्तविक खर्च एकिन हुन नसक्ने र सामाजिक सुरक्षा भत्ता जुन प्रयोजनको लागि उपलब्ध गराईएको हो सोमा प्रयोग भए/नभएको एकिन गर्न सकिएन । | |
| ४१ | | | **समिति गठन** | |

| | | | | |
|---|---|---|---|---|
| | | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ४२ | | | **कार्य योजना**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ४३ | | | **विपद् व्यवस्थापन कोष**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. २६६९१४३.५० आम्दानी भई रु. १८६३०४८/- खर्च गरी बाँकी रु. ८०६०९५.५० देखिन्छ । पालिकाले खर्च मध्ये रु. १८६३०४८/- भुक्तानी गरेको देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम नियम बनाएको/कोष खडा गरेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ४४ | | | **वार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ४५ | | | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ:<br>: | |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |
| ४६ | | | **भ्रमण खर्च**<br>लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकीकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ४७ | | | **आ.ले.प. बेरुजु**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ८५ (१) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केको बेरुजू अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औलाएका देहाय अनुसारका बेरुजूहरू अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि फछ्र्यौट गरेको पाईएन । समयमै बेरुजु फछ्र्यौट गर्नु पर्दछ । | |
| ४८ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम ४७ अनुसार दिईएको पेश्की लिने व्यक्ति तथा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणित गर्ने आवश्यक बील भरपाई र कागजात सहितको प्रतिवेदनका आधारमा कार्यालय समक्ष पेश गर्नुपर्ने र कार्यालयले पेश भएको सात दिनभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । नियम 52(3) अनुसार कार्यालयले दिएको म्याद ननाघेको तथा म्याद नाघेको पेश्कीको निम्नानुसार विवरण तोकिएको समयमा नै कार्य सम्पन्न गरी पेश्की फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |

| क्र.सं | पेश्की लिने व्यक्ति तथा संस्था | फछ्र्यौट गर्नुपर्ने म्याद | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| 1 | जयबुद्ध भाग्यलक्ष्मी निर्माण सेवा जे.भी. | | 8700000 | म्याद ननाघेको |
| जम्मा | | | 8700000 | |

४९ **कोभिड १९ तर्फ**

आ. व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| गत बर्षको बाँकी | 2669143.5 | राहत वितरण | 0 |
| स्थानीय तहको आफ्नै वजेटवाट | 0 | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ६०००० |
| संघीय कोभिड कोषवाट | 0 | औषधी एवं स्वास्थ्य उपकरण खरिद | ४४४०८६ |
| प्रदेश कोभिड कोषवाट | 0 | आइसोलेसन केन्द्र निर्माण | ४००००० |
| अन्य स्रोतबाट | 0 | खोप कार्यक्रम खर्च | 0 |
| | | प्रशासनिक खर्च | ३००००० |
| | | अन्य खर्च | 658962 |
| | | वाँकी | 806098.5 |
| जम्मा | 2669146.5 | | 2669146.5 |

४९.१ जोखिम भत्ता नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु. तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ।कार्यालयले अग्रपंतिमा खटेका स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी गरी जम्मा 35 जना कर्मचारीको जोखिम भत्तामा रु.850000/- खर्च लेखेको छ । | |
| ४९.२ | | | क्वारेन्टाईन र आइसोलेसन व्यवस्थापन कार्यालयले कोभिडको जोखिममा परी संक्रमित व्यक्तिहरुको व्यवस्थापनको लागि गरी 1 वटा आईसोलेसन सेन्टर स्थापना गरी रु.400000/- गरेको छ । कार्यालयले क्वारेन्टाईनमा रु.60000/- खर्च लेखेको छ । कार्यालयले स्थापना गरेको 10 वेडको आईसोलेसनमा दैनिक रुपमा सरदर 3 जनाका दरले आषाढ मसान्तसम्म 15 जना बसेको विवरण प्राप्त भएको छ । | |
| ४९.३ | | | विशेष परिस्थिति खरीद सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले कोभिड १९ प्रकोप रोकथाम र न्यूनीकरणको लागि देहाय अनुसारका प्रमुख स्वास्थ्य सामाग्रीको खरिद गरेको छ । खरिद दर लट अनुसार फरक रहेको छ । कार्यालयले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन । ऐनमा भएको व्यवस्था कार्यान्वयनमा ध्यान दिनुपर्छ । | |
| ५० | | | **शिक्षक दरवन्दी र पदपूर्ति** | |
| ५०.१ | | | स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका 33 सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ती | पदपूर्तीमध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री सिद्ध प्रा वि आरानेटा, घर्तिगाउँ | ३ | ३ | ० | ६५ |
| २ | श्री चौतारा प्रा वि झिनुवा, घर्तिगाउँ | २ | २ | ० | ४० |
| ३ | श्री सरस्वती मा.वि. बल्ले | ४ | ४ | १ | ३०१ |
| ४ | श्री जनता आ वि तुसारपानी | ० | ० | ० | ७५ |
| ५ | श्री गणतन्त्र प्रा वि बाँगेताल | ० | ० | ० | १०२ |
| ६ | श्री जनप्रिय प्रा वि खल्टाकुरा | ० | ० | ० | ६३ |
| ७ | श्री सिद्धनाथ प्रा वि पेदिखोला | ० | ० | ० | ५४ |
| ८ | श्री कृष्ण आ वि जवांग, ओत | ३ | ३ | ० | २४६ |
| ९ | श्री सरस्वती आधारभूत विद्यालय भितावाङ | ३ | ३ | ० | १७० |
| १० | श्री कृष्ण मा वि घर्तिगाउँ | १३ | १३ | ५ | ७२४ |
| ११ | श्री भगवती निम्न माद्यामिक विद्यालय दह, घर्तिगाउँ | ४ | ४ | १ | २७१ |
| १२ | श्री साझा आधारभुत विद्यालय ब्याङ्खोला | ३ | ३ | २ | २९६ |
| १३ | श्री नेपाल राष्ट्रिय मा वि तालावाङ | १२ | १२ | ६ | ५२१ |
| १४ | श्री जीवनाधार आ वि खाराबाङ, तालावाङ | ४ | ४ | ० | १७३ |
| १५ | श्री जनप्रिय प्रा वि चैतावाङ भास्माखोर तालावाङ | २ | २ | ० | ८४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १६ | श्री ने रा प्रा वि धनठान | ३ | ३ | ० | १६३ | |
| | | | १७ | श्री ने रा नि मा वि आरुवा | ५ | ५ | १ | २८६ | |
| | | | १८ | श्री सिद्वार्थ प्रा वि रिजाबाङ, तालावाङ | ३ | ३ | ० | ७५ | |
| | | | १९ | श्री सन्तोष प्रा वि दिरपुलेडाडाँ, तालावाङ | २ | २ | ० | १६२ | |
| | | | २० | श्री सूर्यप्रकाश प्रा वि बुढागाउँ, तालावाङ | २ | २ | ० | ६८ | |
| | | | २१ | श्री वागेश्वरी मा वि पाछाबाङ, भावाङ | ८ | ८ | ५ | ३१२ | |
| | | | २२ | श्री वागेश्वरी नि मा वि भावाङचौर, भाबाङ | ४ | ४ | १ | ३१४ | |
| | | | २३ | श्री बालज्योति प्रा वि चरिकोट, भावाङ | २ | २ | १ | ८९ | |
| | | | २४ | श्री वालज्योती प्रा वि बिसौनिछेडा दहवाङ, भावाङ | २ | २ | २ | ३२ | |
| | | | २५ | श्री जनज्योति प्रा वि सरुवा, भावाङ | २ | २ | १ | ८८ | |
| | | | २६ | श्री चन्द्रोदय प्राथमिक विद्यालय एनावांग, भावाङ | २ | २ | १ | ४१ | |
| | | | २७ | श्री जनकल्याण प्रा वि बाङ्मा, भावाङ | ३ | ३ | ० | 81 | |
| | | | २८ | श्री जनजागरण आ वि वाछे, भावाङ | १ | १ | १ | २१ | |
| | | | २९ | श्री सिद्धकैलाश माद्यामिक विद्यालय कोर्चावाङ मिसिडाडा | १० | १० | ५ | २८१ | |
| | | | ३० | नेत्र आधारभूत विद्यालय ,मेहलाडाडा | ४ | ४ | ० | १८७ | |
| | | | ३१ | श्री शिशुसेवा प्राथमिक विद्यालय डाडाथोक कोर्चावाङ | ३ | ३ | ० | 81 | |
| | | | | | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२ | श्री कलम प्रा वि पोखरावाङ कोर्चावाङ | २ | २ | २ | ३५ |
| ३३ | श्री दिवाङ वालविकास प्रा वि दिवाङ | ० | ० | ० | १७ |

| | | | | |
|---|---|---|---|---|
| ५०.२ | | | कार्यालयले उपलब्ध गराएको विवरण अनुसार जनता आ.वि. तुसारपानीमा ७५ जना, गणतन्त्र प्रा.वि. बाँगेतालमा १०२ जना, जनप्रिय प्रा.वि. खल्टाकुरामा 63 जना, सिद्धनाथ प्रा.वि. पेदिखोलामा ५४ जना र दिवाङ बालविकास प्रा.वि. मा 17 जना विद्यार्थीहरु रहेको भएपनि दरबन्दी र सो अनुसारको शिक्षक नियुक्ति नभएको पाईयो । विद्यार्थीहरुको आधारभूत र मौलिक अधिकारको रुपमा रहेको विद्यालय शिक्षालाई सुनिश्चित गर्न नजिकको विद्यालयमा गाभ्ने वा विद्यार्थी सङ्ख्याको आधारमा शिक्षकको व्यवस्थापन गर्नु पर्दछ । | |
| ५१ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट विभिन्न ३३ वटा विद्यालयहरुमा ४३ जनालाई नियुक्त गरी रु.72,20,000/- तलब भत्ता भुक्तानी गरेको पाईयो । | |
| ५२ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।


https://nams.oag.gov.np

https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ५३ | | | अद्यावधिक वेरुजु<br>यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ | |